**बेसीशहर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**बेसीशहर, लमजुङ**

**गण्डकी प्रदेश, नेपाल**

**"आर्थिक वर्ष २०८२/०८३ को लागि जडिबुटी, कवाडी तथा जीवजन्तु कर उठाउने सम्बन्धी कार्यको लागि आव्हान गरिएको"**

## सूचना ! सूचना !! सूचना !!!

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/३० गते)**

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२।०२।०८ मा बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०८२।०८३ का लागि बेसीशहर नगरपालिका क्षेत्रभित्र उत्पादन भई अन्य क्षेत्रहरुमा निकासी हुने जडीबुटी, कवाडी तथा जीवजन्तुहरुमा तोकेको दररेटमा कर उठाउने कार्यको ठेक्का बस्दोबस्त गर्नुपर्ने भएकोले पहिलो पटकको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेका इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभसाईट www.besisaharmun.gov.np, सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभसाईट www.bolpatra.gov.np तथा कार्यालय समयभित्र कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**ठेक्का विवरण**

| क्र. सं. | आय ठेक्का नं. | स्थान | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम (मु.अ.कर/अन्य करवाहेक) | फाराम दस्तुर | कै |
|---|---|---|---|---|---|---|
| १ | Besishaharmun/ Revenue/SQ/ 082/83/01 | बेसीशहर नगरपालिका भर | जडिबुटी, कवाडी तथा जीवजन्तु कर | ३,००,०००।- (तीन लाख) | १०००।- | एक वर्ष |

**शर्तहरु**

१. ठेक्काको अवधी बोलपत्र स्वीकृत भई सम्बन्धित फर्मसँग नगरपालिकाले गरेको सम्झौतामा उल्लेख गरेको अवधि २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्म एक वर्षको लागि मात्र हुनेछ।

२. बेसीशहर नगरपालिकाको आर्थिक ऐनले निर्धाण गरेको जडिबुटी, कवाडी तथा जीवजन्तुहरुको निकासी करको दररेटभन्दा बढी रकम असूल गर्न पाइने छैन।

३. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सिलबन्दी दरभाउ-पत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १६ औं दिन (मिति २०८२।०३।१५) को दिउँसो १२:०० बजे भित्र यस कार्यालयबाट दरभाउ पत्र खरिद गर्न सकिनेछ । साथै, अनलाईन दरखास्त दिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट

www.bolpatra.gov.np मा रजिष्टर भई दरभाउ पत्र फाराम डाउनलोड गर्न सकिनेछ। तोकिएको सिलबन्दी दरभाउ-पत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। सिलबन्दी दरभाउ-पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

४. आफूले कवोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम रा.बा. बैंक, बेसीशहरमा रहेको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा "क" वर्गको बाणिज्य बैकबाट जारी गरेको कम्तिमा १२० दिन अवधिको विडबण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ।

५. सिलबन्दी दरभाउ-पत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउ-पत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, सिलबन्दी दरभाउ-पत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (मितिः २०८२।०३।१५) दिनको १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ। साथै, अनलाईन दरखास्त दिने दरभाउ पत्रदाताले माथि उल्लेखित सम्पूर्ण कागजात स्क्यान गरी सार्वजनिक अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np मार्फत अपलोड गर्नु पर्नेछ। सिलबन्दी दरभाउ-पत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि सिलबन्दी दरभाउ-पत्र खोल्ने समयमा उपस्थित नभएमा पनि सिलबन्दी दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

७. सिलबन्दी दरभाउ-पत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउ-पत्र फाराममा उल्लेख गरिएको हुँदा सोहीबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। रीत नपुगी वा शर्तसहित पेश हुन आएका सिलबन्दी दरभाउ-पत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। सिलबन्दी दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. सिलबन्दी दरभाउ-पत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम र आफुले कबोल गरेको अंकको नियमानुसार थप १३ % भ्याट रकम र आयकर तथा अन्य तिर्नु बुझाउनु पर्ने रकम र करहरु समेत यस कार्यालयमा जम्मा गरी सम्झौताका लागि उपस्थित हुनुपर्नेछ। कबोल अंकको पुरै रकम बुझाउने भएमा न्यूतम सिलबन्दी दरभाउ-पत्र अंक बाहेकको रकममा १० प्रतिशत छुट दिइनेछ। दोस्रो किस्ता बापतको ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असोज मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरिनेछ। दोस्रो किस्ता बापतको रकम २०८२ साल चैत मसान्त भित्र बुझाइ सक्नुपर्नेछ अन्यथा बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) बाट अशुल उपर गरिनेछ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

९. तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ-पत्र पेश भएको बखत राखिएको धरौटी रकम (विड वण्ड) जफत गरी नियमानुसार सिलबन्दी दरभाउ-पत्र बन्दोवस्त गरिनेछ ।

१०. प्रि-विड बैठक यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन दिनको १:०० बजे यस नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक दरभाउ-पत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

११. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेको बोलपत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

१२. ठेक्का सुचना बमोजिम प्रतिस्पर्धामा भाग लिन इच्छुक फर्म/व्यवसायीलाई सहभागी हुन नदिने गरी कसैले थुनछेक गरेमा, मिलेमतो गरी सिमित प्रतिस्पर्धा गरेको पाइएमा सुचना रद्ध गरी यस कार्यालयको निर्णयानुसार लागू हुनेछ ।

१३. बेसीशहर नगरपालिका क्षेत्रभित्र स्थापना भई यस कार्यालयमा नियमानुसार दर्ता तथा सूचिकृत हुन आएका ब्यक्ति वा संस्थाहरुबाट मात्र संकलन गरिएका जडिबुटी, कवाडी तथा जीवजन्तुका निकासीयोग्य सामाग्रीहरुमा निकासी कर लगाउन पाइने छ । आफूले कारोबार गर्न सक्ने ब्यक्ति, संस्था वा स्थानको विवरण सम्झौताका वखत यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

१४. यस कार्यालयको अनुमति विना कुनै पनि ब्यक्ति वा संस्थाले जडिबुटी, कवाडी तथा अन्य जीवजन्तुका निकासीयोग्य सामाग्रीहरु संकलन तथा विक्रीको कार्य गर्न पाइने छैन ।

१५. बेसीशहर नगरपालिका क्षेत्रबाट निकासी हुने काष्ठ, गैरकाष्ठ तथा अलैंची, कफि जस्ता कृषिजन्य सामाग्रीहरुमा यस कार्यालय र वडा कार्यालय वाहेक अन्यले निकासी कर लिन पाइने छैन ।

१६. यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१७. "स्थानीय सरकार संचालन ऐन, २०७४", तथा अन्य प्रचलित कानूनहरु यस ठेक्का सम्झौताका अभिन्न अंग रहने छन् ।

.............................

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

## दरभाउ-पत्र फाराम

**ठेक्काको नामः जडिबुटी, कवाडी तथा जीवजन्तु कर**

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२।०२।०८ को बैठकले गरेको निर्णयानुसार बेसीशहर नगरपालिका क्षेत्रभित्र जडिबुटी, कवाडी तथा जीवजन्तु कर संकलन गर्ने कार्यको लागि मिति २०८२।०२।३० मा पहिलो पटक प्रकाशित सूचना अनुसारको सिलबन्दी दरभाउ-पत्र फाराम ।

### ठेक्काको विवरण

| ठेक्का नं. | ठेक्काको नाम | वडा नं. | न्यूनतम ठेक्का रकम (मु.अ.कर/आय कर वाहेक) | दरभाउ पत्र दाताले कवोल गरेको रकम रु. | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| Besishaharmun/Revenue/SQ/082/83/01 | जडिबुटी, कवाडी तथा जीवजन्तु कर | बेसीशहर नगरपालिका भर | ३,००,०००।- (तीन लाख मात्र) | | |

**बोलपत्र दाताको विवरण**

नाम, थर:

फर्मको नाम :

ठेगाना :

दस्तखत/छाप

सम्पर्क नं. :

**संलग्न कागजात (चिन्ह लगाउने)**

१) नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि थान १
२) फर्म दर्ता र नवीकरणको प्रमाणित प्रतिलिपी थान १
३) मु.अ. कर दर्ताको प्रमाणित प्रतिलिपी थान १
४) कर चुक्ताको प्रमाणित प्रतिलिपी थान १
५) अन्य